**नेपाल तथ्यपृष्ठ** मे २०२२

# भविष्यका लागि वित्तीय लगानी :
# नेपालमा दिगो विकास लक्ष्य ४ को कार्यान्वयन

**दिगो विकास लक्ष्य ४ को उद्देश्य हासिल गर्ने क्रममा देखिएका प्रगतिहरू**

**के नेपालमा सबै बालबालिकाहरूले नि:शुल्क, समतामुलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गरिरहेका छन ?**

- प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयको सन्दर्भमा नेपाल विश्वव्यापी भर्नादरको नजिक छ र ८० प्रतिशत बालबालिका माथिल्लो तहमा भर्ना हुन्छन । प्रारम्भिक बाल शिक्षा र पूर्व प्राथमिक विद्यालयमा कुल भर्नादर ८७ प्रतिशत[1] रहेको छ । ८१ प्रतिशत विद्यार्थीहरूले प्राथमिक शिक्षा पुरा गर्दछन । त्यस्तै ७२ प्रतिशत विद्यार्थीहरूले निम्न माध्यमिक तह पुरा गर्दछन भने २८ प्रतिशत विद्यार्थीले मात्र माध्यमिक तह शिक्षा पुरा गर्दछन् ।[2]
- गुणस्तरमा सुधार आवश्यक छ : प्राथमिक तहको अन्त्यमा गणित विषयमा ६८ प्रतिशत एवम् पढाईमा जम्मा ८० प्रतिशत विद्यार्थीहरूले मात्र न्यूनतम दक्षता हासिल गर्दछन् ।[3]
- शिक्षामा घरायसी खर्च बढिरहेको छ, जुन कूल ग्राहस्थ उत्पादनको ३.२ प्रतिशत रहेको छ ।
- सार्वजनिक शिक्षाको क्षेत्रमा भएको न्यून लगानीका कारण शिक्षाको गुणस्तर खस्किँदै गएको छ र निजी विद्यालय भर्नामा बृद्धि भएको छ । फलस्वरूप सामाजिक असमानताहरू बढ्दै गइरहेको छ ।
- १०३,३८४ जना विद्यार्थीहरू विद्यालय बाहिर भएको अनुमान गरिएको छ । एकीकृत समता सुचकांक, समता केन्द्रित रणनीति निर्माण तथा र स्रोत विनियोजनको ढाँचाले यो संख्या घटाउने लक्ष्य राखेको छ । सार्वजनिक शिक्षालाई समतामुलक, लैङ्गिक उत्तरदायी र समावेशी बनाउन चाहिने आवश्यक कोषको व्यवस्था प्रगतिशील कर सुधार मार्फत हुनसक्दछ ।

**नेपालले लैङ्गिक असमानतालाई सम्बोधन गर्न राम्रो कदम चालेको छ । तर केही विद्यार्थीहरू, विशेषगरी गरिव, दुर्गम तथा जातियरूपमा पिछडिएका परिवारहरू अझैपनि समावेशी एवम् समतामूलक शिक्षाको अवसरबाट वञ्चित छन ।**[4]

- बालकहरूको तुलनामा अहिले धेरै बालिकाहरूले प्राथमिक र निम्न माध्यमिक तहको शिक्षा पुरा गरिरहेका छन् । तर माध्यमिक तह पुरा गर्न बालिकाहरू अझै पनि असमर्थ छन ।[5]
- सरकारले शिक्षामा सिमान्तकृत २२ जातिय समुहको पहिचान गरेको छ । प्राथमिक विद्यालयमा ५० प्रतिशत मात्र भर्ना भएका चेपाङ्ग जातिय समुहका बालबालिकालाई सबैभन्दा बढी सिमान्तकृत भनी पहिचान गरिएको छ ।[6]
- नेपालमा सम्पति एक महत्वपूर्ण मानक हो । ९५ प्रतिशत धनी बालबालिकाको तुलनामा जम्मा ७३ प्रतिशत गरिव बालबालिकाले प्राथमिक तहको शिक्षा पुरा गर्दछन् भने ९० प्रतिशत धनी बालबालिकाको तुलनामा जम्मा ५९ प्रतिशत गरिब बालबालिकाले निम्न माध्यमिक तह र ६० प्रतिशत धनी बालबालिकाको तुलनामा जम्मा ९ प्रतिशत मात्र गरिब विद्यार्थीले माध्यमिक तह पुरा गर्दछन् ।[7]
- सार्वजनिक शिक्षाका क्षेत्रमा देखिएका कमजोरीहरू तथा विभेदजन्य विभिन्न किसिमका अप्ठ्याराहरू बढ्दै जाँदा शिक्षाको अवसरहरू साँघुरिदै जान्छन् । उदाहरणका लागि – सबै भन्दा सीमान्तकृत समुदाय एवम् मधेसी र मुस्लिम समुदायका बालिकाहरूको माध्यमिक शिक्षामा सबै भन्दा कम प्रतिनिधित्व छ ।[8]
- अपाङ्गता भएका बालबालिकाहरू बहिस्करणमा पर्ने अत्याधिक सम्भावना हुन्छ । युनिसेफको आंकलन अनुसार ५–१२ वर्ष उमेर समुहका अपाङ्गता भएका ३० प्रतिशत बालबालिका विद्यालय जाँदैनन् ।[9]

1. यसका तथ्याङ्कहरू युनेस्को इन्स्टिच्युट अफ स्टाटिस्टिक्स बाट लिइएको हो ।
2. तथ्याङ्कहरू युनेस्को ग्लोबल एजुकेशन मनिटरिङ्ग रिपोर्ट २०२१/२२ बाट लिइएको छ ।
3. तथ्याङ्कहरू युनेस्को ग्लोबल एजुकेशन मनिटरिङ्ग रिपोर्ट २०२१/२२ बाट लिइएको छ ।
4. नेशनल ईन्स्टिच्युट फर रिसर्च एण्ड ट्रेनिङ र अमेरिकन ईन्स्टिच्युट फर रिसर्च (२०१७) नेपाल एजुकेशन सेक्टर एनालाइसिस् ।
5. प्राथमिक तहमा, ८२ प्रतिशत छात्रा र ७८ प्रतिशत छात्रहरूले विद्यालय पुरा गर्दछन् । निम्न माध्यमिक तहमा ७३ प्रतिशत छात्रा र ६९ प्रतिशत छात्र रहेको छ । यद्यपि सन् २०२० मा यो दर छात्र (११ प्रतिशत) र र छात्रा (५ प्रतिशत) दुवैको हकमा माध्यमिक तहमा धेरै कम रहेको छ । युनेस्को इन्स्टिच्युट अफ स्टाटिस्टिक्स (२०२० को तथ्याङ्कमा आधारित)
6. नेशनल ईन्स्टिच्युट फर रिसर्च एण्ड ट्रेनिङ र अमेरिकन ईन्स्टिच्युट फर रिसर्च (२०१७) नेपाल एजुकेशन सेक्टर एनालाइसिस् ।
7. यो युनेस्को इन्स्टिच्युट अफ स्टाटिस्टिक्सको तथ्याङ्क (२०१९)मा आधारित छ ।
8. नेशनल ईन्स्टिच्युट फर रिसर्च एण्ड ट्रेनिङ र अमेरिकन ईन्स्टिच्युट फर रिसर्च (२०१७) नेपाल एजुकेशन सेक्टर एनालाइसिस् ।
9. युनिसेफ (२०२०) बजेट ब्रिफ । हेर्नुहोला : https://www.unicef.org/nepal/media/13271/file/Education%20-%20Budget%20Brief.pdf. (सन् २०१६ को तथ्याङ्कमा आधारित)

**निजी विद्यालयमा बढ्दो भर्नाका कारण शिक्षामा झन् असमानता बढ्दै गएको छ ।**

- निजी विद्यालयको प्राथमिक तहमा १७ प्रतिशत र निम्न माध्यमिक तहमा २४ प्रतिशत विद्यार्थी भर्नादर संगै निजी विद्यालयको भर्नादर[10] लगातार बढ्दै गएको छ । यो संख्या प्राथमिक विद्यालयको हकमा १० लाख भन्दा बढी हो ।[11] करीब ६,५०० निजी विद्यालयमा जम्मा २५ लाख विद्यार्थी छन् ।[12] यसबाट शिक्षा क्षेत्रमा फरक व्यवहार हुन पुगेको छ, जसका कारण शिक्षामा र शिक्षा मार्फत हुने असमानता थप झाँगिदै गएको छ ।[13] यसर्थ विद्यालय शिक्षामा भइरहेको बढ्दो निजीकरणलाई सामाजिक असमानता बढाउने मूख्य कारकको रूपमा लिइने गरिन्छ ।[14]
- नेपाल सरकारले एकीकृत समता सुचकांकको विकास गरेको पाइन्छ जसले पहुँच, अर्थपूर्ण सहभागिता तथा सिकाई उपलब्धिमा समता प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । समग्र सूचकांकमा प्राप्त अङ्क अनुरुप जिल्लाहरूको तह निर्धारण गर्न तथा स्रोत विनियोजन एवं समता केन्द्रित रणनीति तर्जुमा गर्न शैक्षिक योजनकार र नीति निर्माताहरूले सो तथ्याङ्क प्रयोग गर्दछन् । पहिचान गरिएका आवश्यक कार्यक्रमहरू मार्फत जम्मा २४,०९० नयाँ बालबालिका (ति पाँच जिल्लास्थिति विद्यालय बाहिर रहेका कूल बालबालिकाको २२ प्रतिशत)[15] लाई पुन: विद्यालयमा भर्ना गर्न सरकार सफल रहेको थियो । मानव अधिकारसम्बन्धी दायित्वहरु पालना गर्न तथा पहुँच र गुणस्तर सुधार गर्न सरकारले सार्वजनिक शिक्षामा पर्याप्त वित्तीय लगानी गर्न आवश्यक छ ।

**"गुणस्तरीय शिक्षाको ग्यारेन्टीका लागि शिक्षकहरू आधारभुत सर्त हुन् ।" यसर्थ गुणस्तर अभिवृद्धिका लागि योग्य शिक्षकहरूको सँख्या सारभूतरुपमै बढाउनु पर्ने कुरालाई दिगो विकास लक्ष्यको ४ (ग)ले जोड दिएको छ ।**[16]

नेपालको प्राथमिक विद्यालयहरूमा विद्यार्थी शिक्षकको अनुपात २०:१ र निम्न माध्यमिक तहमा २८:१ छ । केही वर्षयता विद्यार्थी शिक्षक अनुपातमा नेपालले उल्लेखनीय सुधार गरेको देखिनुका साथै दक्षिण एसियाका धेरै छिमेकीहरू भन्दा राम्रो छ ।[17] यद्यपि क्षेत्रगत रूपमा यो अनुपातमा असमानताहरू रहेका छन् । जस्तै, पश्चिम क्षेत्रका विशेषगरी निम्न माध्यमिक विद्यालयहरूमा प्रति शिक्षक ३० विद्यार्थीको अनुपातबाट मध्यपश्चिम क्षेत्रमा प्रति शिक्षक ५२ विद्यार्थीहरू सम्म छन् ।[18]


वर्तमान नीति अनुरुप सरकारले ४०,००० करार शिक्षक (वा राहत शिक्षक) लाई नियुक्त गरेको छ । तर, नीति अनुसार उनीहरूले कुनै सुविधा पाउँदैनन् भने स्थायी पनि हुने छैनन् । तिनीहरू मध्ये धेरै महिला छन् र नेपालस्थित अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार उनीहरूको न्यूनतम तलब स्केल १५,००० भन्दा पनि कम छ ।

**दिगो विकास लक्ष्य ४ मा लगानीका लागि कूल राष्ट्रिय बजेटको २० प्रतिशत तथा कूल ग्राहस्थ उत्पादनको ६ प्रतिशत हिस्सा विनियोजन गरिनु आवश्यक छ ।**

दिगो विकास लक्ष्य ४ मा लगानीका लागि संयुक्त राष्ट्रसंघले कूल राष्ट्रिय बजेटको कम्तिमा १५–२० प्रतिशत वा कूल ग्राहस्थ उत्पादनको ४ देखि ६ प्रतिशत हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गर्न सिफारीस गरेको छ ।


युवा र बढ्दो जनसंख्या भएको नेपाल जस्तो देशमा सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा सिफारिस गरिए बमोजिम अधिक बजेट विनियोजन आवश्यक रहेको संयुक्त राष्ट्रसंघले अनुमान गरेको छ ।[19] दुर्भाग्यवस, शिक्षा क्षेत्रमा नेपालको बजेट विनियोजन अन्तर्राष्ट्रिय सिफारिसभन्दा धेरै टाढा रहेको छ । (विभिन्न वर्षहरूमा शिक्षा क्षेत्रमा विनियोजित बजेटको तथ्याङ्क चित्र १ र २ मा हेर्नुहोस) । **सन् २०२१ मा कूल राष्ट्रिय बजेटको जम्मा ११ प्रतिशत र जिडिपीको ४ प्रतिशत मात्र शिक्षा क्षेत्रमा विनियोजन गरिएको थियो ।**[20]

**चित्र १ : नेपालको शिक्षा क्षेत्रमा बजेटको हिस्सा, सन् २०१२–२०२१**




**स्रोत : नेपाल सरकारको रातो किताबमा आधारित युनिसेफ नेपालको गणना**

**चित्र १ : नेपालको शिक्षा क्षेत्रमा बजेटको हिस्सा, सन् २०१२–२०२१**




**स्रोत : नेपाल सरकारको रातो किताबमा आधारित युनिसेफ नेपालको गणना**

10. यसका तथ्याङ्कहरू युनेस्को इन्स्टिच्युट अफ स्टाटिसटिक्स (सन् २०१९) बाट साभार गरिएको हो ।
11. यसका तथ्याङ्कहरू युनेस्को इन्स्टिच्युट अफ स्टाटिसटिक्स (सन् २०१९) बाट साभार गरिएको हो ।
12. स्रोतः https://www.ei-ie.org/en/item/23444:nepal-union-works-to-halt-teacher-dismissals-resume-salary-payments-and-ensure-safety-of-students-and-teachers
13. नेपाल इकोनोमिक फोरम (२०२०) द वर्ल्ड अफ प्राइभेट स्कुल कार्टेल्स ।
14. युनेस्को (२०१६) नेशनल एजुकेशन अकाउन्ट्स इन नेपाल : एक्सपेन्डिचर फर एजुकेशन २००९-२०१५, हेर्नुहोला : http://uis.unesco.org/sites/default/files/nepal-nea-report.pdf
15. https://www.globalpartnership.org/blog/nepals-equity-index-innovations-financing-reach-children-most-need
16. https://sdg4education2030.org/the-goal
17. हेडकाउन्ट बेसिस । यो युनेस्को इन्स्टिच्युट अफ स्टाटिस्टिक्सको तथ्याङ्क (२०१९ को प्राथमिक तह र २०२० को निम्न माध्यमिक तह)मा आधारित छ ।
18. नेशनल ईन्सृटिच्युट फर रिसर्च एण्ड ट्रेनिङ र अमेरिकन ईन्सृटिच्युट फर रिसर्च (२०१७) नेपाल एजुकेशन सेक्टर एनालाइसिस् ।
19. दिगो विकास लक्ष्य ४ को लागत ढाँचाका लागि ब्याकग्राउण्ड पेपर हेर्नुहोला । ग्लोबल एजुकेशन मनिटरिङ्ग रिपोर्ट (२०१५) । थप जानकारीका लागि हेर्नुहोला : https://en.unesco.org/gem-report/node/819
20. सन् २०१२ देखि २०२० सम्मको तथ्याङ्क यहाँबाट लिइएको हो : https://www.unicef.org/nepal/media/13271/file/Education%20-%20Budget%20Brief.pdf सन् २०२१ को तथ्याङ्क यहाँबाट लिइएको छ : https://www.unicef.org/nepal/media/14421/file/Budget%20Brief%20-%202021-22%20-%20Education.pdf

## गुणस्तर र समतासम्बन्धी दिगो विकास लक्ष्य ४ को उद्देश्यहरू हासिल गर्न लगानी संवेदनशील हुनुपर्दछ ।

**के शिक्षा क्षेत्रमा भएको लगानी उचित वा समतामूलक छ ?**

- नेपालको सार्वजनिक शिक्षा क्षेत्रमा सार्वजनिक लगानी अभाव भएको परिवेशमा गरिब परिवारहरू शिक्षा प्राप्त गर्न शुल्क तिर्न बाध्य छन् । घरपरिवारले शिक्षा क्षेत्रमा गर्ने खर्च कूल ग्राहस्थ उत्पादनको ३.२ प्रतिशत हिस्सा रहेको छ ।[21] न्यून सरकारी लगानी र घट्दै गएको बाह्य वित्तीय लगानीको क्षतिपूर्ति घरपरिवारले गर्दै नेपालमा शिक्षा खर्चको आधा खर्च घरपरिवारले गर्दछन् । घरपरिवारको खर्च बढेर उच्च माध्यमिक तहमा ७१ प्रतिशत पुगेको छ । जब शिक्षा प्राप्त गर्न गरिब घरपरिवारले आर्थिक व्ययभार बोक्नुपर्ने हुन्छ, तब उनीहरूको घरायसी बजेटमा कटौती हुनजान्छ । यसलाई शिक्षा क्षेत्रमा भइरहेको प्रतिगमनको रूपमा समेत लिइने गरिन्छ । यसरी पारिवारिक खर्चको बोझ बढदै जाँदा त्यसको सिधा असर बालबालिकाको विद्यालयमा पहुँच तथा समतामूलक शिक्षामा पर्नजान्छ ।[22]
- नेपालमा निजी विद्यालयमा पढ्ने बालबालिकको सँख्यामा वृद्धि भइरहेको पाइन्छ । प्राथमिक तह देखि उच्च माध्यमिक तहसम्म २६ प्रतिशत विद्यार्थी भर्ना भएका छन् ।[23] सरकारी खर्चको (जुन घट्दै गएको छ) तुलनामा निजी विद्यालयमा खर्च हुने रकम बढ्दै गएको छ ।[24]
- नेपालको शिक्षा बजेटमा लैङ्गिक समानता सुनिश्चित गर्ने प्रयास गरिएको छ । अर्थ मन्त्रालयमा रहेको लैङ्गिक उत्तरदायी बजेट समितिले प्रत्येक वर्षको शिक्षा बजेट विनियोजनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने स्तर पहिचान गर्दछ ।[25]

**बक्स १ : के समता र गुणस्तरको लागि चालू खर्च तथा पूँजीगत खर्च पर्याप्त छ ?**

दिगो विकास लक्ष्य ४ हासिल गर्नका निमित्त विद्यालय निर्माण जस्ता एकपटक खर्च गरे पुग्ने परियोजनाका लागि बजेटको आकार वृद्धि गर्नु तथा शिक्षकहरूको तलबभत्ता लगायतका अन्य खर्चको लागि समेत चालू (सञ्चालन) खर्चमा लगानी बढाउनु जरुरी हुन्छ ।

संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य ४ को लागत ढाँचा[26] बमोजिम शिक्षामा गुणस्तर र समता हासिल गर्नका लागि चालू खर्चमा ८४ प्रतिशत खर्च गर्नुपर्ने हुन्छ भने, सोको ७५ प्रतिशत हिस्सा ज्याला तथा तलबमा जान्छ । त्यसैगरी १४ प्रतिशत हिस्सा पूँजीगत/विकास परियोजनामा खर्च हुनजान्छ । नेपालमा भने चालू खर्चमा ९८ प्रतिशत र पूँजीगत खर्चको हिस्सा २ प्रतिशत रहेको छ ।[27]


यद्यपि, चालू बजेटको सिमितताका कारण तलब दिन तथा तालिम प्राप्त थप शिक्षक नियुक्त गर्न नेपाल सरकारलाई पहिल्यैदेखि कठीन भएको अवस्थामा आवश्यक विकासका लागि तथा शिक्षकहरूलाई आकर्षक सुविधा प्रदान गर्न थप प्रयासहरू गर्नुपर्ने हुन्छ ।

## दिगो विकास लक्ष्य ४ हासिल गर्नका निमित्त नेपाल सरकारले आफ्नो कूल बजेटको आकार बढाउनु अत्यन्त जरुरी छ ।

दिगो विकास लक्ष्य ४ हासिल गर्ने सन्दर्भमा लामो समय थप लागतहरू जुटाउन नेपाललाई नयाँ सार्वजनिक कोषको आवश्यकता छ । बजेटमा बढ्दो वित्तीय दवावको समयमा यसरी लगानी जुटाउनु चुनौतिपूर्ण छ । **वैदेशिक ऋण लिने प्रवृत्तिले स्वदेशमा संकलन गरिने राजश्वलाई थप क्षति पुग्न गएको अवस्थामा सार्वजनिक शिक्षा सुदृढीकरणका लागि नयाँ सार्वजनिक कोषको महत्व झनै बढ्दै गएको छ ।** सन् २०२० को बजेटमा, सरकारी राजश्वको करिब एक चौथाई हिस्सा (२४ प्रतिशत) ऋणले ओगटेको थियो । यो हिस्सा सन् २०२२ मा २८ प्रतिशत पुग्ने अनुमान गरिएको छ । नेपाल सरकारले सन् २०१९ मा ऋणदाताहरूको ऋण तिर्न (जि.डि.पी.को ६.३ प्रतिशत) का लागि शिक्षामा (जि.डि.पी.को ४.२ प्रतिशत) भन्दा बढी बजेट विनियोजन गरेको थियो ।[28] बजेट विनियोजनको यस्तो ढाँचाबाट शिक्षा क्षेत्रमा हुने लगानीमा थप गिरावट आउने छ ।

**प्रगतिशील करमार्फत आफ्नो सार्वजनिक खर्च क्षमतामा आएको ह्रासलाई तुरुन्तै उल्टाउन नेपालले नयाँ तरिकाहरू खोज्नु जरुरी छ ।** चित्र ३ मा देखाइए अनुसार सन् २०१९ मा कूल ग्राहस्थ उत्पादनको अनुपातमा (१९.४ प्रतिशत) नेपालको कर निम्न-मध्यम आय भएका देशहरूको औसत (१५.७ प्रतिशत) भन्दा माथि छ । पछिल्लो दशकमा यो निरन्तर बढिरहेको छ भने, सन् २०२० मा २१.९ प्रतिशत पुगेको थियो (चित्र ४ हेर्नुहोला) । तर अझै यसमा काम गर्न सकिन्छ ।


**चित्र ३ : निम्न-मध्यम आय भएका देशहरूको तुलनामा नेपालमा कर-कूल ग्राहस्थ उत्पादनको अनुपात (सन् २०१९ को तुलना)**




* ICTD/UNU-WIDER Government Revenue Dataset

21. ग्लोबल एजुकेशन मनिटरिङ्ग रिपोर्ट २०२०/२१ पेज ४०८ ।
22. युनेस्को (२०१६) नेशनल एजुकेशन अकाउन्ट्स इन नेपाल : एक्सपेन्डिचर फर एजुकेशन २००९-२०१५, हेर्नुहोला http://uis.unesco.org/sites/default/files/nepal-nea-report.pdf
23. युनेस्को पियर एजुकेशन प्रोफाइल । हेर्नुहोला : https://education-profiles.org/central-and-southern-asia/nepal/~non-state-actors-in-education#Non-state%20education%20provision
24. नेपाल इकोनोमिक फोरम (२०२०) द वर्ल्ड अफ प्राइभेट स्कुल कार्टेल्स ।
25. युनिसेफ (२०२०) बजेट ब्रिफ । हेर्नुहोला : https://www.unicef.org/nepal/media/13271/file/Education%20-%20Budget%20Brief.pdf. (सन् २०१६ को तथ्याङ्कमा आधारित) युनिसेफ (२०२०) बजेट ब्रिफ । हेर्नुहोला : https://www.unicef.org/nepal/media/13271/file/Education%20-%20Budget%20Brief.pdf. (सन् २०१६ को तथ्याङ्कमा आधारित)
26. दिगो विकास लक्ष्य ४ को लागत ढाँचाका लागि ब्याकग्राउण्ड पेपर हेर्नुहोला । ग्लोबल एजुकेशन मनिटरिङ्ग रिपोर्ट (२०१५) । थप जानकारीका लागि हेर्नुहोला : https://en.unesco.org/gem-report/node/819
27. युनिसेफ (२०२०) बजेट ब्रिफ । हेर्नुहोला : https://www.unicef.org/nepal/media/13271/file/Education%20-%20Budget%20Brief.pdf. (सन् २०१६ को तथ्याङ्कमा आधारित)
28. हेर्नुहोला : https://www.eurodad.org/nepal_covid19_and_debt

**चित्र ४ : कूल ग्राहस्थ उत्पादनमा करको प्रतिशत, सन् २०१०-२०**





**कूल ग्राहस्थ उत्पादनको अनुपातमा नेपालले आफ्नो राजश्वलाई विद्यमान तहबाट पाँच प्रतिशत बिन्दुले बढाउनमा केन्द्रित हुनुपर्दछ ।** विभिन्न अन्तर्राष्ट्रिय अध्ययन अनुसार धेरै देशहरूको लागि उनीहरूको कर-जि.डि.पी अनुपात मध्यम अवधिमा (३-५ वर्ष) पाँच प्रतिशत अङ्कले बढाउने विषय महत्वकांक्षी भएता पनि व्यवहारिक रहेको देखाउँदछ ।[29] **सन् २०१९ मा एक्सनएड्ले अनुमान गरेबमोजिम यदि नेपालले यसो गऱ्यो भने सन् २०२३ सम्ममा वार्षिक ४.४ अरब अमेरिकी डलर बराबर नयाँ राजस्व वृद्धि गर्न सक्दछ ।**[30]

अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप यदि सरकारले नयाँ राजस्वको २०% शिक्षा क्षेत्रमा विनियोजन गरे यसबाट शिक्षाको बजेट ८९८.६ मिलियन अमेरिकी डलरले वृद्धि हुनेछ । विद्यालय क्षेत्र विकास योजनाको मध्यावधि समिक्षाले सन् २०२१/२०२२ मा वार्षिक ८१ मिलियन अमेरिकी डलरको वित्तीय अंतराल अनुमान गरेको छ। यसरी हेर्दा, **शिक्षा क्षेत्र योजनामा अनुमानित वित्तीय अभावको अन्तर भन्दा अतिरिक्त (नयाँ) राजस्व दश गुणा बढी हुनेछ ।**[31]

यद्यपि, विशेष गरी नेपाल पहिले देखिनै अप्रत्यक्ष करहरूमा धेरै निर्भर हुने प्रवृतिले गर्दा यसले समग्र करप्रणालीलाई नै प्रगतिशील हुनबाट रोकेको पाइन्छ।[32] यसर्थ सबैमा पर्ने अतिरिक्त करको बोझलाई ध्यान दिँदै राजश्वको अनुपातमा वृद्धि गर्ने विषयलाई प्रगतिशील तवरबाट लैजानु जरुरी छ। सन् २०००-२०१७ को अवधिमा, कूल राजस्वमा अप्रत्यक्ष करको तुलनामा प्रत्यक्ष करको हिस्सा ठूलो रहेको छ। (चित्र ५ हेर्नुहोला ।)

**चित्र ५ : विभिन्न वर्षहरूमा कूल राजश्वमा प्रत्यक्षदेखि अप्रत्यक्ष करहरू, सन् २०००-२०१७**




**नोट** : कर प्रणाली कत्तिको प्रतिगामी वा प्रगातिशील छ भनी हेर्नका लागि प्रत्यक्षदेखि अप्रत्यक्ष करहरू महत्वपूर्ण हुन्छन् । अप्रत्यक्ष करमा हुने अत्याधिक निर्भरताले करप्रणाली प्रतिगामी छ भन्ने बुझाउँदछ । जस्तै :- मूल्य अभिवृद्धि करमा हुने अधिक निर्भरताले प्रायः सबैभन्दा गरिबलाई बढी मार पर्दछ । जबकि, प्रत्यक्ष करमा हुने बढी निर्भरताले करप्रणाली प्रगतिशील छ भन्ने बुझिन्छ । यस अन्तर्गत व्यापार/व्यवसायमा कर तथा औपचारिक क्षेत्रमा कार्यरतहरूको आयमा कर आदि पर्दछन् ।

स्रोत: ICTD/UNU-WIDER Government Revenue Dataset

**नेपालमा प्रगतिशील र प्रतिगामी करहरू :**

सन् २०००-२०१७ को अवधिमा, नेपालले आफ्नो कर-जि.डि.पी अनुपातमा सुधार गरेको छ। सन् २००० यता, विशेषगरी पछिल्लो दशकमा यो दोब्बर भएको छ। तर, प्रत्यक्ष कर (जस्तै : सन् २०१७ मा ५ प्रतिशत) को तुलनामा अप्रत्यक्ष कर (जस्तै : सन् २०१७ मा १३ प्रतिशत) माथिको अत्याधिक निर्भरता घटाउने सम्बन्धमा नेपाल सरकारले धेरै काम गर्न सकेको छैन। यसले नेपालको कर प्रणाली प्रगतिशील नभई प्रतिगामी रहेको देखाउँदछ।

प्रगतिशीलरुपमा नयाँ कोष जुटाउने एउटा तरिकामध्ये व्यापारिक कम्पनीहरूलाई दिइने आर्थिक प्रोत्साहनहरू न्यूनीकरण गर्नु हो । लगानीकर्ताहरूलाई दिइएको कर प्रोत्साहनहरू कूल ग्राहस्थ उत्पादनको ५% भन्दा बढी हुनसक्ने अनुमान सन् २०१६ मा नेपालको कर प्रशासनद्वारा गरिएको थियो (अर्थात कर प्रोत्साहनका कारण अनुमानित बार्षिक राजस्व हराउनु वा कटौति हुनु)। **यदि यो हराएको राजश्व मध्येको २० प्रतिशत मात्र (करीब ३३६.६ मिलियन अमेरिकी डलर)[34] शिक्षा क्षेत्रमा (अन्तर्राष्ट्रिय सुझाव अनुसार) विनियोजन गरेको भए सन् २०२० मा कूल ग्राहस्थ उत्पादनको ५ प्रतिशत ले के हुन सक्दथ्यो भनी एक्सनएड्ले एक अध्ययन गरेको थियो ।**

29. यो नोट गर्न महत्वपूर्ण छ कि यस गणनाले ५ प्रतिशत वृद्धि (अर्थात जसले कर सुधारलाई जोडदिएको छ) हासिल गर्ने संयन्त्रलाई हेर्दैन। भविष्यमा संकलन गरिने कुनैपनि करहरू प्रगतिशील तथा लैङ्गिक उत्तरदायी कर सुधारमा केन्द्रित हुनुपर्नेमा एक्सनएडको जोड रहेको छ, ताकि कुनैपनि नयाँ करहरूले गरिब तथा सबैभन्दा जोखिम परिस्थितिमा रहेकाहरूलाई हानी नपुगोस्। हाम्रो माथिको विश्लेषणले देखाउँछ कि यो ५ प्रतिशत कर वृद्धि हासिल गर्ने प्रगतिशील तरिकाहरू छन्।

30. एक्सनएड (२०२०) हु केयर्स ? पेइङ फर केयर वर्क थ्रु ट्रान्सफर्मिङ द फाइनान्सिङ अफ जेन्डर रेस्पोन्सिभ पब्लिक सर्भिसेज।


31. अनुमानित लगानीको अन्तराल युनिसेफ (२०२०) बाट साभार गरिएको। विद्यालयक्षेत्र विकास योजनाको मध्यावधि समिक्षाको अनुमानमा आधारित एजुकेशन बजेट ब्रिफ, नेपाल।

32. कर प्रशासनको “आधुनिकीकरण” समेत - जसले प्रशासनिक कार्यमा परिवर्तन तथा नयाँ कार्यविधिलाई जनाउँदछ। यु.एस.ए.आइ.डी. । आन्तरिक स्रोत परिचालन। नेपालको घट्ना अध्ययन, १९९७-२०१६। www.usaid.gov/sites/default/files/documents/1865/Nepal_DRM_case_study_briefing_note_FINAL.pdf

33. एक्सनएड (२०२०) बाट साभार। हु केयर्स ? पेइङ फर केयर वर्क थ्रु ट्रान्सफर्मिङ द फाइनान्सिङ अफ जेन्डर रेस्पोन्सिभ पब्लिक सर्भिसेज। मौलिक स्रोत : यु.एस.ए.आइ.डी. । आन्तरिक स्रोत परिचालन। नेपालको घट्ना अध्ययन, १९९७-२०१६।


34. सन् २०२०को लागि विश्व बैंक डब्लु.डी.आई. तथ्याङ्कको औसतलाई रुपान्तरण गरिएको।

## नेपाल




**३३६.६ मिलियन अमेरिकी डलर**

**(यसले सजिलै पुर्ति गर्नसक्ने र अझै कोष बाँकी रहने)**[35]



< प्राथमिक र निम्न माध्यमिक विद्यालय छाडेका सबै बालबालिकाका लागि एक बर्षका लागि विद्यालय स्थानहरू[36]

५,००० प्राथमिक शिक्षक र ५,००० निम्न माध्यमिक शिक्षकका लागि आधारभुत तलब[37] >






< अतिरिक्त ६००,००० बालबालिकाका लागि विद्यालयमा निशुल्क भोजन[38]

जोखिममा परेका थप १० लाख युवाहरूका लागि बार्षिक छात्रवृत्तिमा विस्तार[39] >





< नेपालको विद्यालय क्षेत्र विकास योजनाको मध्यावधि समिक्षामा अनुमानित बार्षिक वित्तीय अन्तर (सन् २०२१ मा ८१ मिलियन अमेरिकी डलर)[40]




## भविष्यका लागि लगानी : करन्यायका ४ 'आर' हरू

**समाजका सबै सदस्यहरूको आवश्यकतालाई प्राथमिकतामा राख्ने कार्यक्रमसहितको कर प्रणालीमार्फत निम्न कार्य गर्न सकिन्छ :**

**राजश्व** - शिक्षा र अन्य सार्वजनिक सेवाका लागि दिगो कोषको स्थापना




**पुनर्वितरण** - सबै क्षेत्रमा हुने असमानता (व्यक्ति तथा समूहहरूबीच) को अन्त्य




**पुन: मूल्य निर्धारण** - सार्वजनिक "खराबहरू" लाई सिमित गर्न, जस्तै : सुर्ती सेवन वा कार्बन उत्पादन ।



**प्रतिनिधित्व** - कर राजश्वमा सरकारी खर्चको उच्च निर्भरता नै उच्च गुणस्तरको शासन र राजनीतिक प्रतिनिधित्वसँग जोडिएको छ भन्ने कुरालाई पहिचान गर्दै स्वस्थ्य लोकतान्त्रिक प्रकृयाहरू निर्माण गर्न ।



35. १०० मिलियन अमेरिकी डलर छोडी वास्तवमा यहाँ कूल गणना करीब २०० मिलियन अमेरिकी डलर हुन आउँछ ।

36. प्राथमिक विद्यालयबाट १०३,३८४ जना र निम्न माध्यमिक विद्यालयबाट ४६,५९८ जना बालबालिका विद्यालय बाहिर रहेका छन् (सन् २०१९ को तथ्याङ्कको आधारमा) । युनेस्को इन्स्टिच्युट अफ स्टाटिसटिक्सको तथ्याङ्कमा आधारित ।

37. नेपालमा प्राथमिक तहका विद्यालय शिक्षकको मासिक औसत तलब रु. ३७,९९० (३१९.४१ अमेरिकी डलरको रुपान्तरण) रहेको छ। त्यसैगरी निम्न माध्यमिक तहका विद्यालय शिक्षकको रु ३९,८८० (३१९.४१ अमेरिकी डलरको रुपान्तरण) रहेको छ। https://loksewajob.com/salary-scale-of-government-school-teacher-in-nepal/

38. वर्षको २०० दिन विद्यालय खुल्दा, विद्यार्थीले अनुमानित ०.१८ अमेरिकी डलर प्रतिदिन बराबरको दिवा खाजा प्राप्त गर्दछन् । सन् २०१७ मा यस कार्यक्रमबाट ६००,००० बालबालिकाले सेवा प्राप्त गरे । हामीले यसका लागि कूल लागतको अनुमान गरेका छौं : https://education-profiles.org/central-and-southern-asia/nepal/~financing-for-equity

39. जोखिम समूहका बालबालिकाका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ। दलित छात्रवृति लगायत १०० प्रतिशत बालिका छात्रवृत्ति कार्यक्रम, गरिब तथा जेहेन्दार छात्रवृत्ति, अपाङ्गता छात्रवृत्ति, सीमान्तकृत तथा लोपोन्मुखका लागि छात्रवृत्ति, अति विपन्न लक्षित छात्रवृत्ति, द्वन्द्व प्रभावित छात्रवृत्ति, शहीद परिवार छात्रवृत्ति, सीमान्तकृत छात्रवृत्ति, संस्थागत विद्यालय छात्रवृत्ति तथा अन्य गरी छात्रवृत्तिका लोकप्रिय कार्यक्रमहरू बनाइएका छन् । दलित तथा बालिका अनुदान योजनामा प्रति विद्यार्थी प्रति वर्ष रु. ४५० देखि रु. ६०० (३.६१ देखि ४.९४ अमेरिकी डलर) सम्मको रकम समावेश छ। विद्यालय वर्ष २०१६ मा प्राथमिक र माध्यमिक तहका करीब ८० हजार विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका थिए।

40. युनिसेफ (२०२०) हेर्नुहोला । नेपाल एजुकेशन बजेट ब्रिफ २०२०/२०२१

## प्रगतिशील करप्रणाली मार्फत शिक्षामा लगानी सुनिश्चितताका लागि आव्हान :

**गुणस्तरीय तथा समावेशी सार्वजनिक शिक्षा एवम् दिगो विकास लक्ष्य ४ हासिल गर्न आवश्यक पर्याप्त वित्तीय व्यवस्थाका लागि नेपाल सरकारलाई निम्न उपायहरू अवलम्बन गर्न एक्सनएड आव्हान गर्दछ :-**

१. कूल राष्ट्रिय बजेटको २० प्रतिशत र/वा कूल ग्राहस्थ उत्पादनको ६ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरिनुपर्ने युनेस्कोको मापदण्ड पुरा गर्न (वा सोभन्दा बढी) हाल शिक्षा क्षेत्रमा विनियोजित सरकारी कूल बजेटको ११.१ प्रतिशत (कूल ग्राहस्थ उत्पादनको ४.१ प्रतिशत) बाट आगामी शिक्षा बजेटको **हिस्सा** वृद्धि गरिनुपर्ने ।

२. सार्वजनिक शिक्षामा लगानीका लागि उपलब्ध स्रोतलाई बढाउँदै समग्र बजेटको **आकार**मा देहाय बमोजिम वृद्धि गरिनुपर्ने :

- सार्वजनिक खर्चका लागि उपलब्ध रकमलाई सिमित गर्ने वृहत आर्थिक नीतिहरूको प्रभावलाई कम गर्ने (जस्तै :- ऋण र सापटी  घटाएर, ऋणमा कटौती खोज्दै र सार्वजनिक खर्च कटौतिका नीतिहरूलाई सिमित गरेर) । उधारो तथा ऋणसम्बन्धी बुझाईलाई अझ मजबुत बनाउँदै यसको सही सदुपयोग तथा उपयुक्ततालाई सुनिश्चित गर्नका निमित्त पारदर्शिता एवम् विश्लेषणमा सुधार ल्याउनुपर्ने ।
- कूल ग्राहस्थ उत्पादनको अनुपातमा करको हिस्सा हाल १९.४ प्रतिशत रहेकोमा यसलाई बढाएर कम्तीमा २० प्रतिशत तथा सम्भव भएसम्म २५ प्रतिशत भन्दा बढी पुर्‍याउने समयतालिका सहितको लक्ष्य राख्नुपर्ने । सबै देशहरूले कूल ग्राहस्थ उत्पादनमा आन्तरिक राजश्वको अनुपातलाई मध्यम अवधि (३ देखि ५ वर्ष)मा ५ प्रतिशतले वृद्धि गर्ने महात्वाकांक्षी (तर यथार्थपरक) लक्ष्य राख्नुपर्ने कुरामा अन्तराष्ट्रिय मुद्रा कोष (आई.एम.एफ.)ले जोडदिएको छ । यसो गर्नका निमित्त, नेपाल सरकारले निम्न विषयमा ध्यान पुर्‍याउनुपर्ने हुन्छ :-
  - हानिकारक प्रोत्साहनहरू बन्दगर्ने
  - विशेषगरी प्राकृतिक स्रोत निकासी क्षेत्रमा कर तथा रोयल्टीसम्बन्धी सम्झौताहरूको समिक्षा गर्ने
  - दोहारो कर सन्धिहरूको समिक्षा तथा रद्ध गर्ने
  - निजी क्षेत्रबाट हुने करछली तथा करपरित्याग जस्ता घट्नालाई बढावा दिने प्रकृतिका करप्रणालीसँग सम्बन्धित कानून तथा नीतिगत व्यवस्थामा सुधार ल्याउने
  - निष्पक्ष करप्रणाली प्रवर्द्धन र लागुगर्ने
  - व्यक्तिगत आय तथा सम्पत्तिमा प्रगतिशील कर लागू गर्ने

३. राष्ट्रिय शिक्षा बजेटको संवेदनशीलता बढाउनका निमित्त निम्न कार्यहरू गर्नुपर्ने :-

- असमानता हटाउन तथा भेदभावको सामना गर्ने कार्यमा हुने सार्वजनिक खर्चमा "समतामा" ध्यान केन्द्रित गर्ने (उदाहरणका लागि :- सार्वजनिक शिक्षाको पहुँच र गुणस्तरको दायरा फराकिलो बनाउने, अपाङ्गता भएको बालबालिकाका लागि अतिरिक्त सुविधा/भत्ता प्रदान गर्ने, गरीब तथा ग्रामीण क्षेत्रमा कार्यरत शिक्षकहरूका लागि गरिने प्रोत्साहनमा लगानी बढाउने ।
- वञ्चितिकरण तथा असमानतालाई सम्वोधन गर्न आवश्यक देशव्यापी रुपमा समतामूलक लगानीको सुनिश्चितताका लागि एकीकृत समता सूचकांकको विकास र सुदृढीकरण गर्ने ।

४.. राष्ट्रिय शिक्षा बजेटको विश्लेषण/छानबिनलाई निम्न तरिकाले सुदृढ बनाउनुपर्ने : -

- पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्न तथा समयमै बजेट निकासा मार्फत बजेटको प्रभावकारितामा सुधार ल्याउनका निमित्त शिक्षा क्षेत्रको बजेटलाई विश्लेषण तथा छानबिन कार्यलाई सकृय रुपमा प्रोत्साहन गर्नुपर्ने । जस्तै, समुदाय तथा नागरिक समाजको पर्यवेक्षणलाई सहजीकरण वा औपचारिक मान्यता दिएर यस्ता विश्लेषणहरूलाई थप सुदृढ बनाउन सकिन्छ ।

## भविष्यका लागि लगानी : शिक्षाका लागि आन्तरिक लगानी : ४ 'एस' हरु

**हिस्सा :**

बजेको हिस्सा भन्नाले राष्ट्रिय कूल बजेटको निश्चित प्रतिशत बुझिन्छ, जुन शिक्षा क्षेत्रमा खर्च हुन्छ ।

**आकार :**

बजेटको आकार भनेको सरकारले खर्च गर्नुपर्ने कूल रकम हो । यो कति कर संकलन हुन्छ र कुन अर्थिक नीतिहरु पालना गरिन्छ भन्नेमा भर पर्दछ ।

**संवेदनशीलता :**

कुन हदसम्म बजेट तथा खर्चले शैक्षिक असमानता सम्बोधन गरेको छ भन्ने विषयसँग बजेटको संवेदनशीलता सम्बन्धित हुन्छ ।

**विश्लेषण/छानबिन :**

बजेटको छानविनले सार्वजनिक सेवाको लागि छुट्याइएको रकम आवश्यक पर्ने ठाउँ/विषयमा पुग्छ भन्ने सुनिश्चत गर्न मद्दत गर्दछ ।